# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक १९ गते २०४२ साल (संख्या २९


## भाग ३

श्री ५ को सरकार

## रक्षा मन्त्रालयको सूचना

### शाही नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सैनिक विमान संभार समूह नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "संभार समूह" भन्नाले शाही नेपाली सैनिक विमान संभारसम्बन्धी काम गर्ने प्राविधिक कर्मचारीहरूको समूह सम्झनुपर्छ ।

(ख) "प्रवर समिति" भन्नाले नियम ३ बमोजिमको प्रवर समिति सम्झनुपर्छ ।

३. प्रवर समिति : संभार समूहको आयुक्त पदमा नियुक्तिको लागि सिफारिश गर्ने देहायबमोजिमको एक प्रवर समिति रहनेछः–

(क) लोक सेवा आयोगको प्रतिनिधि – अध्यक्ष


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रधान सेनापतिले तोकेको सहायक रथी वा सोभन्दा माथिको रथीवृन्द — सदस्य

(ग) शाही नेपाली सैनिक विमान सेवा पति — सदस्य

(घ) उप-सैनिक सचिव — सदस्य-सचिव

४. न्यूनतम योग्यता: देहायको योग्यता नभई कुनै पनि उम्मेदवार संभार समूहको लागि प्रवर समितिबाट लिइने परीक्षामा सम्मिलित हुन पाउनेछैनः—

(क) छानिने वर्षको वैशाख १ गते २९ वर्ष ननाघेको,

(ख) एरोनटिकल विषयमा इञ्जिनीयरिङ्ग डिग्री प्राप्त वा कुनै एक केटेगोरीमा एयरक्राफ्ट मेन्टिन्यान्स इञ्जिनीयर (ए. एम्. ई.) को लाइसेन्स प्राप्त,

स्पष्टीकरणः— "केटेगोरी" भन्नाले एयरफ्रेम, इञ्जिन, रेडियो, इलेक्ट्रिकल, इन्सुट्मेण्ट र अटोपाइलट आदिलाई जनाउँदछ ।

(ग) नेपाली नागरिक,

(घ) राजनीतिमा नलागेको,

(ङ) सैनिक मेडिकल बोर्डबाट उत्तीर्ण भएको ।

५. नियुक्ति : (१) प्रवर समितिले सिफारिश गरेको व्यक्तिलाई आयुक्त पद प्रदान गर्न प्रधान सेनापतिले श्री ५ महाराजाधिराज सरकारको स्वीकृतिको निम्ति श्री ५ को सरकार, रक्षा मन्त्रालयमा पेश गर्नेछन् र स्वीकृति प्राप्त भएको मितिदेखि उक्त उम्मेदवारले आयुक्त पद पाउनेछ ।

(२) प्रवर समितिको सिफारिशमा छानिएको उम्मेदवारलाई शुरूमा उप-सेनानी दर्जा प्रदान गरिनेछ र प्राविधिक बेसिक तालीम दिइनेछ ।

६. दर्जा प्रदान गर्न सकिने : (१) शाही नेपाली सैनिक विमान संभार कार्यमा कार्यरत कुनै कर्मचारीले संभार समूहमा कमिशन हुन इच्छा गरेमा प्रवर समितिको सिफारिशमा जुनियर इञ्जिनीयर र सोभन्दा माथिको पदमा गरी नौ वर्ष स्थायी सेवा अवधि पुगेका कर्मचारीलाई एकै पटक एक्टिङ्ग सेनानीसम्म र सोभन्दा कम सेवा अवधि पुगेका कर्मचारीलाई सह-सेनानीसम्मको दर्जा प्रदान गर्न सकिनेछ ।

(२) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिले प्राविधिक बेसिक तालीम लिनु पर्नेछ ।

(३) उप-नियम (१) बमोजिम दर्जा प्राप्त गर्ने व्यक्तिको नोकरी अवधि गणना गर्दा निजले त्यसरी दर्जा प्राप्त गर्नुभन्दा अघि गरेको स्थायी सेवा अवधिसमेत गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>सब्सटच्याण्टिभ प्रमोशन</u> : सब्सटच्याण्टिभ प्रमोशन देहायबमोजिम हुनेछः–

(क) उप-सेनानीबाट सह-सेनानीमा : २ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि र सैनिक प्राविधिक वेसिक तालीममा उत्तीर्ण भएपछि खाली ठाउँ छ भने ।

(ख) सह-सेनानीबाट सेनानीमा : ६ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

(ग) सेनानीबाट प्रमुख सेनानीमा : १४ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

(घ) प्रमुख सेनानीबाट महा-सेनानीमा : १८ वर्षको सन्तोषजनक प्राविधिक सेवा पुगेपछि खाली ठाउँ छ भने ।

८. <u>एक्टिङ्ग प्रमोशन</u> : देहायका दर्जामा एक्टिङ्ग प्रमोशन हुन देहायको सेवा अवधि पूरा गर्नु पर्नेछ ।

(क) महा-सेनानीमा – १५ वर्षको सेवा अवधि ।
(ख) प्रमुख सेनानीमा – १२ वर्षको सेवा अवधि ।
(ग) सेनानीमा – ८ वर्षको सेवा अवधि ।

९. <u>अवधि</u> : (१) प्रमुख सेनानी र सोभन्दा माथिको अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको चार वर्षको अवधि पूरा गरेपछि अर्को चार वर्षको एक अवधि श्री ५ को सरकारको स्वीकृति लिई थप गर्न सकिनेछ ।

(३) उप-नियम (२) बमोजिम थप भएको अवधि पनि पूरा भैसकेपछि होनहार अधिकृतलाई मात्र श्री ५ को सरकारको स्वीकृति लिई पुन: एक पटक अर्को चार वर्षको एक अवधि थप गर्न सकिनेछ ।

(४) उप-नियम (२) वा (३) बमोजिम अवधि थप नभई अवकाश पाउने भएका कुनै अधिकृतको निवृत्तभरण पाउने अवधि पुगेको रहेनछ भने, त्यस्ता अधिकृतलाई सो अवधि पुऱ्याउन आवश्यक पर्ने अवधि थप्न सकिनेछ ।

(५) यस नियममा जेसुकै कुरा लेखिएको भए तापनि कुनै पनि अधिकृतलाई नियम १० मा उल्लिखित उमेरको हद नाघ्ने गरी अवधि थप गरिनेछैन ।

१०. <u>उमेरको हद</u>: उमेरको हद देहायबमोजिमको हुनेछः–

महा-सेनानी – ५५ वर्ष ।
प्रमुख-सेनानी – ५४ वर्ष ।
सोभन्दा मुनि उप-सेनानीसम्म ५३ वर्ष ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

306